नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ती

आज मिति २०७७ साल पौष ७ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री चन्द्र कुमार घिमिरेको प्रमुख आतिथ्यमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट मिति २०७७/०७/२४ मा घोषणा भएका औद्योगिक ग्रामहरु स्थापना हुने स्थानीय तहलाई हस्तान्तरण गरिने रकम, रकमको उपयोगिता सम्बन्धी मापदण्ड र आधारहरु सम्बन्धमा मन्त्रालयमा भर्चुअल मिटिङ सम्पन्न भयो।

उक्त बैठकमा मन्त्रालयका सह-सचिव श्री बलराम रिज्याल, १३ वटा स्थानीय तहका प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतहरु एवम् मन्त्रालयका अधिकृतहरुको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै औद्योगिक ग्राम सम्बन्धमा सह-सचिव रिज्यालले प्रस्तुतिकरण गर्नुभयो।

उक्त बैठकमा सचिवज्यूले औद्योगिकरणको जग स्थानीय तहबाटै बसाल्न स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगहरुलाई उद्योग स्थापना गर्न स्थान उपलब्ध गराएर लगानीको वातावरण निर्माण गर्न संघीय सरकारले आफ्नो नीति तथा कार्यक्रममा औद्योगिक ग्रामको घोषणा गरी विकास निर्माण र सञ्चालनमा ल्याउने नीति लिएको बताउनुभयो।

हालसम्म ५८ स्थानीय तहहरुमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य प्रारम्भ भइसकेको र चालू आ.व. ७७/७८ मा औद्योगिक ग्राम घोषणा भएका १३ वटा स्थानीय तहहरुलाई ९२ लाखका दरले रकम हस्तान्तरण गरिने उल्लेख गर्नुभयो। स्थानीय तहका पदाधिकारीहरुको जिज्ञासालाई सम्बोधन गर्दै औद्योगिक ग्राम स्थापनाभन्दा सञ्चालन गर्न चुनौतीपूर्ण रहेको बताउनुभयो। स्थानीयस्तरमा औद्योगिक विकासमा टेवा पुर्याउन स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ भन्दै स्थानीय तहले औद्योगिक ग्रामभित्र उद्योगहरु ल्याउन प्राथमिकता दिनुपर्ने, औद्योगिक ग्राम सञ्चालन निर्देशिका बनाउने, औद्योगिक ग्राम सञ्चालन र व्यवस्थापन गर्न सक्षम जनशक्तियुक्त ईकाई गठन गर्नुपर्ने, आफ्ना नीति तथा कार्यक्रम मार्फत औद्योगिक ग्रामभित्र स्थापना हुने उद्योगहरुलाई छुट, सुविधा, सहुलियत तथा प्रोत्साहन उपलब्ध गराउनुपर्ने, प्रदेश सरकारसँग लागत साझेदारी गर्न पहल गर्नुपर्ने विषयमा समेत सचिवज्यूले सहभागी पदाधिकारीहरुलाई अनुरोध गर्नुभयो।

अन्त्यमा सचिवज्यूले स्थानीय तहहरुलाई औद्योगिक ग्राम निर्माण, विकास र सञ्चालनमा उच्चत्तम सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

डा. नारायण प्रसाद रेग्मी
प्रवक्ता